**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०४ अक्तूबर २०२३

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले सिक्किमको प्राकृतिक आपदाको जानकारी लिन मुख्यमंत्री प्रेम सिंह तामंगसित फोनमा कुराकानी गरी सबै मददको आश्वासन दिनुभएको छ।

२. सिक्किममा बादल फटनाले आएको बाढ़ीले व्यापक नोक्सानी गरेको छ।२३ सैनिक बेपत्ता भएका छन् भने कतिपय मानिसहरूको ज्यान गएको आशंका छ। राष्ट्रिय राजमार्ग बन्द भएको छ।

३. केन्द्रिय मण्डलले ऊज्जवला योजना बमोजित प्रति सिलिण्डर खाना पकाउने ग्यासको अनुदानलाई थप एक सय रूपियाँ बढ़ाएको छ।

४. नेपालको पश्चिमी क्षेत्रको बझाङ इलाकामा ६.३ तीव्रताको भूकमप गएको छ।

५. सिक्किममा बादल फाटनाले आएको बाढ़ी तथा लगातार वर्षाले गर्दा पश्चिम बंगालका सीमावर्ती ७ जिल्लामा रेड अलर्ट जारी गरिएको छ।

**पी.एम –सिक्किम सी.एम**

सिक्किममा बादल फाट्नाले भएको वर्षा आनि बाढीले गर्दा ज्यानमालको क्षय क्षति भएकोमा प्रधानमंत्री नरेन्द्र मोदीले गहिरो दुःख र शोक समवेदना व्यक्त गर्नु भएको छ। उहाँले सिक्किमका मुख्यमंत्री प्रेम सिंह तामंगसित फोनमा बात गरि वर्तमान स्थिति तथा राहत र बचाव कार्यको जानकारी लिनु भएको छ। प्रधानमंत्रीले यस दुर्भाग्यपुर्ण प्राकृतिक आपदामा केन्द्र सरकारले हर सम्भव सहयोग दिने आश्वासन पनि मुख्यमंत्रीलाई दिनु भयो। उहाँले यस आपदामा ज्यान गुमाउनेहरू प्रति गहिरो शोक समवेदना व्यक्त गर्नु भएको छ भने घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भएको छ।

****** ० ******

**सिक्किम बाढी**

सिक्किमको मंगन जिल्लाको लोनाक तालमा बादल फुटेपछि टिस्टा नदीमा बाढी आएको छ । पाक्योङ जिल्लामा रहेको एक सैन्य प्रतिष्ठान बाढीले बगाउँदा २३ सैनिक बेपत्ता भएका छन् । बर्दाङमा बाढीले धेरै सवारीसाधन बगाएको छ । यहाँबाट एक जनाको उद्धार गरिएको छ ।मङ्गन, गान्तोक, पाक्योङ र नामची जिल्लामा ठूलो क्षति भएको बताइएको छ। कयौं पुल भाँचिएका छन् र घरहरु डुबानमा परेका छन् । फिदाङ र डिक्चुमा पनि घरमा क्षति पुगेको छ । मङ्गन जिल्लामा सञ्चार सञ्जाल अवरुद्ध भएको छ । साङ्खलाङमा दुई GREF कर्मचारी बेपत्ता छन्। तुङको पुलिस ब्यारेक बगेर चार जना बेपत्ता भएका छन् । राज्य प्रकोप राहत बलले गान्तोकमा २५ जनालाई सुरक्षित स्थानमा निकालेको छ। नाम्ची जिल्लामा एलडी काजी पुल र इन्द्रेणी पुल पनि बगेका छन् । करिब पाँच सय जनाले राहत शिविरमा आश्रय लिएका छन् । प्रणामी

मन्दिरमा राहत शिविर स्थापना गरिएको छ ।सिक्किमको सिलिगुडी हुँदै पश्चिम बंगालसँगको सम्पर्क राष्ट्रिय राजमार्ग १० मा कम्तीमा चार ठाउँमा अवरुद्ध भएको छ।

****** ० ******

**सिक्किम आपदा ममता**

मुख्यमन्त्री ममता बनर्जीले सिक्किममा बादल फाटेपछि भारी वर्षा र पहिरोको घटनामा चिन्ता व्यक्त गर्नुभएको छ। जसमा २३ भारतीय सेना सैनिक बेपत्ता भएका छन्। उनले आवश्यक परे पश्चिम बंगालबाट सक्दो सहयोग गर्ने आश्वासन दिनुभएको छ।बुधवार, उहाँले माइक्रो-ब्लगिङ साइटमा एकतामा मद्दत गर्न तयार लेखे।मानिसहरूलाई सतर्क रहन सल्लाह दिंनुहुँदै सुश्री ममता ब्यानर्जीले  विपद्बाट बच्न वर्तमान मौसममा अधिकतम सतर्कता अपनाउन पनि आग्रह गर्नुभयो साथै उहाँले भन्नुभयो मैले मेरो मुख्य सचिवलाई विपद् व्यवस्थापन पूर्वतयारीका उपायहरू यथाशीघ्र समन्वय गर्न भनिसकेको छु। कालिम्पोङ, दार्जिलिङ र जलपाईगुडी जिल्लाका मानिसहरूलाई सुरक्षित स्थानमा सार्ने सबै कदम चालिएको छ। वरिष्ठ राज्य मन्त्रीहरू र वरिष्ठ आईएएस अधिकारीहरूलाई उद्धार र राहत कार्यको निगरानी गर्न उत्तर बंगाल पठाइएको छ।

****** ० ******

**दार्जीलिङ एडवडर्स**

प्राकृतिक प्रकोपमा परेकाहरूलाई राहत पुराउन हाम्रो पार्टी अध्यक्ष एवम  सभासद अजय एडवडर्स स्वयम क्याम्पमा पुगे। हिज मंगलबार राति देखि नै परेको मुसलधारे पानीले छिमेकी राज्य सिक्किम लगायत टिष्टा बजार साथै अन्य धेरैवटा गाउँहरूमा धेरै क्षति पूराएको छ।  प्राकृतिक प्रकोपले टिष्टा बजार आदि क्षेत्रहरूमा घरद्वारहरू धेरै क्षति पुराएको खबर पाउनसाथ हाम्रो पार्टी अध्यक्ष एवम  सभासद अजय एडवडर्स, पार्टीका  केन्द्रीय उपाध्यक्ष र  सभासद रबर्ट छेत्री  सन्नी बमजन आदि विभिन्न प्रकारको सर सामग्रीहरू लिएर राहत क्याम्पमा पुगेका थिए। प्राकृतिक प्रकोपको चपेटमा परेका पिडितहरूलाई टिष्टा बजार हाई स्कूल भवनमा राखिएको छ। हाम्रो पार्टी अध्यक्ष अजय एडवडर्स अनि उनको टीमले खादय सामग्रीहरू, सुत्नलाई प्रोफाइल कम्बल, उद्धार  कार्यमा लागेका मानिसहरूको निम्ति गमबुट आदि सर सामग्रीहरू रहेका थिए। हाम्रो पार्टी अध्यक्ष अजय एडवडर्सले क्याम्पमा बसेका मानिसहरूको निम्ति खाना पकाउनलाई ग्यास सिलीण्डरको ब्यवस्था गरी दिने, रातको निम्ति जेनेटरको ब्यवस्था गरी दिने साथै नानीहरूको निम्ति लुगा, चप्पल, नानीहरूको खाना आदिको ब्यवस्था पनि गरी दिने वचन दिए।

****** ० ******

**राजू विष्ट**

दार्जीलिङका लोकसभा सांसद राजू विष्टले सिक्किममा आएको प्राकृतिक आपदामा जयान माल गुंमउनेहरू प्रति गहिरो शोक संवेदना व्यक्त गर्नुभएको छ। उहाँले एक प्रेस विज्ञप्ति मार्फत सिक्किमको कतिपय क्षेत्रमा सर्म्पक विछिन्न भएको तथा राष्ट्रिय राजमार्ग कैंयन ठाउँमा क्षतिग्रस्त भएकोले मार्ग अवरूद्ध भएको भन्दै केन्द्र सरकारले हर संभव मदद गर्ने आवहान गर्नुभएको छ। उहाँले सिक्किमको जनताको सुरक्षाको कामना गर्दै ज्यानमाल गुमाउनेहरू प्रति गहिरो संवेदना व्यक्त गर्नुभएको छ। टिस्टा नदीको जल स्तर अचानक बढ़ेको तथा वर्षा भई रहेकोमा टिस्टाको बगर नजिक रहने मानिसहरूलाई सतर्क रहने आवहान गर्नुभएको छ।कालेम्पाङको जिल्लापाल सित बात गरी सतर्कता अप्नाउने आवहान गर्नुभएको छ।

****** ० ******

**खरसाङ्मा पैह्रो**

खरसाङको वार्ड नौमा भारी वर्षाले मन्टिभिएट ग्राउण्डमाथि ठूलो पैह्रो गएकोले तीनवटा घरहरूलाई खतरा भएको छ। पैह्रोले मन्टिभियएट खेल मैदान माथिल्लोपट्टिको घरहरू क्रमैले डोमा शेर्पा, चन्द्रिका लामा अनि पसी शेर्पाको घरलाई ठूलो क्षति हुने ठूलो खतरा उत्पन्न भएको छ। उक्त पैह्रोको जानकारी पाउन साथ क्षेत्रीय सभासद श्याम शेर्पा र टोली तारपोलिन लिएर निरीक्षण गर्न पैह्रो स्थलमा पुगनु भएको थियो। उहाँले पैह्रोमा तारपोलिन प्रदान गरी पैह्रोको निरीक्षण गरेर सम्बन्धित विभागहरुलाई जानकारी गराउनु भयो। शेर्पाका अनुसार हिजो उक्त क्षेत्रमा पैह्रोको सम्भावना रहेको जानकारी पाएपछि हिजो नै जीटीए बाट दुईवटा तारपोलिन अनि नगरपालिकाबाट एउटा तारपोलिन पठाएको उहाँले बताउनुभयो। तर आज बिहान ठूलो पैह्रो गएको जानकारी पाएर घटना स्थलमा निरीक्षण गर्न पुगी अरु ४ वटा तारपोलिनहरू प्रदान गरिदिएको जनाउनु भयो। यसको साथै खरसाङ ईन्जिनियरिङ विभागका ईन्जिनियर दोर्जे तामाङ र नगपालिका ईन्जिनियर सञ्जय थापाद्वारा निरीक्षण गराउनु भयो। सभासद श्याम शेर्पाद्वारा जीटीए चिफ् अनित थापा र नगरपालिका अध्यक्ष अनि उपाध्यक्षलाई पनि जानकारी गराएको बताउनु भयो। उक्त निरीक्षणमा सभासद श्याम शेर्पासित युवा शक्ति खरसाङ टाउन कमिटीका सचिव बन्दन लामा अनि सेवन प्रधान पनि उपस्थित रहेका थिए।

****** ० ******

**बड़ी रिकर्वड**

जलापाईगुड़ी जिल्लाको गजोल्डोबा टिष्टा ब्यारेजबाट आज तीन जनाको शव फेला परेको छ । जसले क्षेत्रमा सनसनी मच्चाएको छ । हिमालमा लगातारको वर्षाका कारण हिजराति टिस्टामा बनेको बाँध फुटेको छ । जसका कारण सिक्किममा बाढी आएको छ । तीनै जनाको शव एउटै पानीमा तैरेर यहाँ पुगेको प्रशासनको अनुमान छ । प्रशासनले तीनै जनाको शव निकालेकोछ । तर शवको पहिचान हुन सकेको छैन ।राजगञ्जका बीडीओ पंकज कोनारले टिस्टा ब्यारेजबाट तीन जनाको शव फेला पारेको बताउनुभएको छ। । जसमा दुई पुरुष र एक महिला रहेका छन् । उनीहरुको पहिचानको प्रयास भइरहेको छ । उहाँले टिष्टाको बाढीले बगाएर यो शव यहाँ आएको हुनसक्ने बताए ।

****** ० ******

**क्याबिनेट डिसिशन**

केन्द्र सरकारले उज्वला योजनाका लाभार्थीहरूलाई दिइने ग्यास अनुदानलाई प्रति सिलिन्डर एक सय रुपियाँले बढाइ दिएको छ। आज नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै, सूचना र प्रसारण मन्त्री अनुराग सिंह ठाकुरले भन्नु भयो केन्द्रीय मन्त्रिपरिषद्ले एक प्रमुख निर्णयमा एलपीजी अनुदानमा वृद्धिलाई अनुमोदन गरेको छ, यसलाई हालको २०० रुपियाँ प्रति सिलिन्डरबाट बढाएर ३०० रुपियाँ प्रति सिलिन्डर अन्तर्गत लाभार्थीहरूको लागि हुने छ। प्रधानमंत्री उज्ज्वला योजना अन्तर्गत यो राशी बढाइएको हो।

****** ० ******

**<u>नेपाल भूकम्प</u>**

नेपालको सुदूरपश्चिम प्रदेश र बझाङ जिल्लालाई केन्द्रगरि गएराती भूकम्प गएको छ । भूकम्पको तीव्रता रिक्टर स्केलमा ६.३ थियो । बझाङमा भूकम्पमा परी एक जनाको मृत्यु भएको छ । मंगलबार गएको भूकम्पपछि पहिरोमा पुरिएर सो मृत्यु भएको हो ।घटनास्थलमा पुगि पुल्सले उद्धार कार्य गरिरहेको छ । बझाङमा भूकम्पमा परी करिब ११ जना घाइते भएका छन् । दुईजना उपचारपछि घर फर्काइएका छन् भने नौ जनाको जिल्ला अस्पतालमा उपचार भइरहेको छ ।बझाङमा विद्यालय, सरकारी कार्यालय, अस्पताल र अन्य भवनमा ठूलो क्षति पुगेको छ । भूकम्पले बझाङ जिल्लाका एक सय ३५ वटा पूर्वाधारलाई क्षति पुगेको छ । थलारामा ६० घर र जयपृथ्वी नगरपालिकामा ४१ घर क्षतिग्रस्त भएका छन । नेपालको राष्ट्रिय भूकम्प अनुगमन तथा अनुसन्धान केन्द्र अनुसार सुदूरपश्चिम प्रदेशमा एक वर्षको अवधिमा दुई हजारभन्दा बढी भूकम्पको झटका महसुस गरिएको छ।

****** ० ******

**<u>तृणमूलको प्रतिवाद</u>**

पश्चिम बंगाल राज्य सरकारी कर्मचारी महासंघको दार्जिलिङ जिल्ला समितिले तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव अभिषेक बनर्जीलगायत तृणमूलका नेताहरूलाई दिल्लीमा केन्द्र सरकारको  विरोध गरेको आरोप लगाउँदै सिलगढीमा प्रतिवाद कार्यक्रम आयोजना गरेको थियो। बुधबार दिउँसो करिब २ बजे सिलगढी महकुमा शासक  कार्यालय अगाडि विरोध कार्यक्रम आयोजना गरिएको थियो। प्रदर्शनकारीहरूले हिजो दिल्ली पुलिसले तृणमूल नेताहरूलाई अनैतिक रूपमा आक्रमण गर्दा तृणमूलले लोकतान्त्रिक रूपमा शान्तिपूर्ण रूपमा विरोध गरिरहेको दाबी गरे। आजको दिन बिरोध कार्यक्रम मार्फत उक्त घटनाको घोर भत्सर्ना गरिएको छ।

****** ० ******

**<u>पश्चिम बंगाल - बाढी चेतावनी</u>**

पश्चिम बंगालका सात जिल्लामा बाढीको चेतावनी जारी गरिएको छ । सावधानीका रूपमा कालिम्पोङ, दार्जिलिङ र जलपाईगुडी जिल्लाका मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको छ। वरिष्ठ राज्य मन्त्रीहरू र वरिष्ठ आईएएस अधिकारीहरू उद्धार र राहत कार्यको निगरानी गर्न उत्तर बंगाल पुगेका छन्। यस विपद्मा कुनै मानवीय क्षति हुन नदिन कडा अनुगमन भइरहेको छ । कोलकातामा हिज रातिदेखि लगातार परेको पानीका कारण सडकमा बाढी आएको छ भने यातायात प्रभावित भएको छ ।दामोदर भ्याली कर्पोरेशनको माइथोन र पञ्चेत बाँधबाट ६० हजार क्युसेक पानी छोडेपछि पश्चिम मेदिनीपुर, बाँकुरा, पुरुलिया र पूर्व बर्धमान जिल्लामा पनि बाढीको अवस्था छ । सोमबार दुवै बाँधबाट करिब एक लाख क्युसेक पानी छोडिएको थियो । निगम स्रोतका अनुसार मौसममा परिवर्तन आएसँगै व्यवस्थित रूपमा थप पानी छोड्नुपर्ने हुनसक्ने बताइएको छ ।

****** ० ******

**<u>तीनधारे-गाँधी जयन्ती</u>**

खरसाङ

****** ० ******

****** ० ******